नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# विद्युत विकास विभाग
## प्रशारण लाइन अनुमतिपत्र शाखा
सानोगौचरण, काठमाडौं

प.सं. :- ०८२/८३
च.नं. :- २६१२

मिति :- वि.सं. २०८३/०३/१७
ने.स. :- ११४६ तछलागा,१ बुधवार

विषयः सर्वोत्तम स्टिल - सौर्य आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त बारे।

श्री इनर्जी म्यानेजमेन्ट प्रा.लि.,
तीनकुने, काठमाडौं ।

प्रस्तुत विषयमा सर्वत्तम सौर्य आयोजनाको स्वीचयार्ड देखि सर्वत्तम स्टिल पावर प्लान्टको स्विचयार्डसम्म ३३ के.भी विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको माग गरी तँहाबाट पेश भएको दरखास्त उपर कारवाही हुँदा तपशिल बमोजिमका विवरणहरु संलग्न नदेखिएकोले १५(पन्ध्र) दिनभित्र पेश गर्नु हुन यस विभागको मिति २०८३/०३/१६ को निर्णयानुसार जानकारी गराईन्छ।

**तपशिलः**

१. प्रवर्द्धक कम्पनीको विद्युत प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्रको लागि विभागमा निवेदन गर्ने आशय तथा सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना र अख्तियारीनामा प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. सहितको विवरण,
२. नापी विभागद्वारा प्रकाशित १:२५००० वा १:५०००० स्केलको स्थलरुप नक्शामा आयोजनाको विस्तृत विवरण सहितको (Sending end and receiving end ) प्रस्तावित मुख्य र वैकल्पिक लाईन (जम्मा तिन वटा रुट) समेत देखिने गरी रेखांकन गरिएको Route Alignment,
३. प्रवर्द्धक कम्पनीले अघिल्लो आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. प्रस्तावित प्रसारण लाइन सम्पन्न गर्न लाग्ने अनुमानित लागत तथा कार्यतालिका (workschedule) सहितको कुल अवधि,
५. सर्वोत्तम सौर्य आयोजना र सर्वोत्तम स्टिल पावर प्लान्टको प्रबर्द्धक एउटै भए (Captive Scheme) सञ्चालक समितिको बैठकको निर्णयको प्रमाणित प्रतिलिपि,
६. प्रस्तावित ३३ के.भी. विद्युत प्रसारण लाइनको १.५ किलोमिटर क्षेत्रभित्रका विद्युत सम्बन्धि अन्य संरचनाहरु भए नभएको विवरण। यदि तेस्तो कुनै संरचना भए त्यो समेतको विवरण,
७. प्रस्तावित ३३ के.भी. विद्युत प्रसारण लाइन राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा पर्ने/नपर्ने तथ्य सहितको स्व-घोषणा पत्र,
८. प्रस्तावित सौर्य आयोजनाको वहाल रहेको विद्युत सर्वेक्षण/उत्पादन अनुमतिपत्रको प्रतिलिपि,
९. यस आयोजनाको सर्वेक्षण कार्य गर्ने सम्बन्धमा प्रबर्द्धक र परामर्शदातृसंस्था बीच भएको सम्झौताको प्रमाणित प्रतिलिपि,
१०. परामर्शदातृ संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, प्रबन्धपत्र, नियमावली र आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
११. Soft Copies (प्रसारण लाइनको रुटको .kmz file, डेस्क स्टडी रिपोर्ट तथा तपशिलका सम्पूर्ण कागजात/विवरणहरु) ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sabitri Dhamala
sabitridhamala7@gmail.com

(सावित्री धमाला)
इलेक्ट्रीकल ईन्जिनियर